# कैलाश राजपत्र

## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः५) मकवानपुर, जेष्ठ ३० गते, २०८१ साल (संख्याः१७**

## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

### "बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०८१"

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

कैलाश गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्द्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न बाञ्छनीय भएकोले,

कैलाश गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कैलाश गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "उपाध्यक्ष" भन्नाले कैलाश गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१ सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिका भन्ने सम्झनु पर्छ।

(ङ) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(च) "प्रदेश मन्त्रालय" भन्नाले बागमती प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

(छ) "प्रदेश समिति" भन्नाले बागमती प्रदेश बाल अधिकार समिति भन्ने सम्झनु पर्छ।

(ज) "प्रमुख" भन्नाले कैलाश गाउँपालिकाको प्रमुख भन्ने सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम कैलाश गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कार्यरत अधिकृत कर्मचारी भन्ने सम्झनु पर्छ।

(ञ) "बाल कल्याण अधिकारी" भन्नाले यस कार्यविधिको दफा २४ बमोजिम कैलाश गाउँपालिकाले नियुक्त गरेको वा तोकेको बाल कल्याण अधिकारी सम्झनु पर्छ।

(ट) "बालक्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि ८ वर्ष देखि १८ वर्षसम्मका बालबालिकाले यस कार्यविधि बमोजिम कैलाश गाउँपालिकामा दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ।

(ठ) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि कार्यविधिको दफा २८ बमोजिम कैलाश गाउँपालिकामा खडा गरिएको बाल कोष भन्ने सम्झनु पर्छ।

(ड) "बालबालिका" भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ढ) "बाल सञ्जाल" भन्नाले यस कार्यविधिको नियम ९ बमोजिम दर्ता भएका बाल क्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(त) "लेखा प्रमुख" भन्नाले कैलाश गाउँपालिकामा कार्यरत लेखा प्रमुख भन्ने सम्झनु पर्छ।

(थ) "वडा अध्यक्ष" भन्नाले कैलाश गाउँपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्छ।

(द) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(घ) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम कैलाश गाउँपालिकामानियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धी तालिम प्राप्त गरी गाउँपालिकामा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ।

(न) "बाल अधिकार समिति" भन्नाले यस कार्यविधि बमोजिम कैलाश गाउँपालिकामा गठन भएको बाल अधिकार समिति तथा वडा स्तरीय बाल अधिकार समिति भन्ने सम्झनु पर्छ।

(त) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ।

(प) "सेवा प्रदायक निकाय" भन्नाले गाउँपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेको सरकारी कायालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा बालबालिकाको क्षेत्रमा कार्यरत अन्य निकायहरूलाई सम्झनु पर्छ।

## परिच्छेद - २
## उद्देश्य तथा सिद्धान्त

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्;

(क) नेपालको संविधानमा उल्लिखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघीय ऐन तथा प्रदेश ऐनमा भएका व्यवस्थाहरूको गाउँपालिकामा कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकामा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्द्धन गर्ने,

(ग) बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

## परिच्छेद - ३
## बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने

४. **बाल अधिकारको संरक्षण गर्नुपर्नेः** (१) बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्नु गाउँपालिकाको दायित्व हुनेछ।

(२) बालबालिकाको स्वस्थ जीवन तथा बाँच्न पाउने अधिकारको कार्यान्वयन गाउँपालिकाले देहाय अनुसार गर्नेछ;

(क) बालबालिकाको स्वस्थ जन्मको लागि आमा तथा बच्चा दुवैको नियमित स्वास्थ्य परीक्षणलाई प्राथमिकतामा राख्नेछ,

(ख) सुत्केरी हुनु भन्दा पहिला गर्भवती महिलाको र सुत्केरी भै सकेपछि आमा बच्चा दुबैको प्रोटोकल अनुसार स्वास्थ्य परीक्षणका लागि प्रोत्साहन गर्नेछ,

(ग) गर्भवती महिलालाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्नेछ,

(घ) राष्ट्रिय खोप तालिका बमोजिमको खोप सेवा सबै बालबालिकाको पहुँचमा पुर्‍याउनेछ,

(ङ) स्वस्थ्य संस्थाहरूले अनिवार्य रूपमा महिनाको कम्तीमा एक पटक निःशुल्क औषधी र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन्,

(च) निजी स्वास्थ्य संस्थाहरूले नगरपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानि निःशुल्क औषधि तथा उपचार सेवा प्रदान गर्नेछन्,

(छ) प्रत्येक विद्यालय परिसरलाई पर्खाल वा घेराबार लगाई अवाञ्छित व्यक्ति तथा चौपायाको प्रवेश रोक्नेछ,

(ज) विद्यालय क्षेत्रको १०० मिटर वरिपरिको बाटोमा सवारी साधनको गति अधिकतम २० कि.मि. प्रति घण्टा तथा हर्न निषेधित क्षेत्र कायम गर्नेछ,

(झ) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रबाट न्यूनतम वार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धी कार्यक्रम वस्ती तथा विद्यालय स्तरमा सञ्चालन गर्न लगाउनेछ,

(ञ) स्वास्थ्य कार्यकर्ता, महिला स्वास्थ्य स्वयं सेविका र विद्यालय स्वास्थ्य नर्सलाई बाल अधिकार बाल संरक्षण, बाल सुरक्षाका विषयमा प्रशिक्षित तथा परिचालन गर्नेछ,

(ट) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित गरिएको खेलौना तथा खाद्य पदार्थहरू बजारमा विक्री वितरण गर्न रोक लगाउनेछ,

(ठ) भुकम्प, बाढी पहिरो, आगलागी, वन्य जन्तुको आक्रमण, खोला जस्ता जोखिमबाट बढी प्रभावित हुने क्षेत्रमा बालबालिकाको सुरक्षाका लागि विशेष ध्यान दिनेछ,

(ड) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामाग्री बिक्री वितरण तथा उपभोग गर्न रोक लगाउनेछ,

(ढ) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसंग सम्बन्धित तस्वीर होर्डिङ बोर्ड, पोस्टर पम्प्लेट लगाएतका प्रचार प्रसार गर्न रोक लगाउने छ,

(ण) १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लील साहित्य तथा सामग्री विक्री वितरण गर्न निषेध गर्नेछ,

(त) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरूले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहार रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि गाउँपालिकाले सहजीकरण गर्नेछ।

(४) गाउँपालिकाले बालबालिकाको संरक्षणका लागि देहायका उपायहरू अवलम्वन गर्नेछ;

(क) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि हस्तक्षेप तथा बालबालिका एवम् शिक्षकहरूको दलगत परिचालनमा निषेध गरिनेछ,

(ख) प्रचलित 'कानून' बाहेक बिना कारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निश्कासन गर्न नपाइने व्यवस्था लागू गरिनेछ,

(ग) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवम् अभिभावक तथा आगन्तुकहरूले बालबालिकाबीच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवम् यौन हिंसा र दुर्व्यहार, अवहेलना गर्न निषेध गरिनेछ,

(घ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीका लागि महिनावारी प्याडको व्यवस्था तथा विसर्जन र प्रारम्भिक उपचार बाकसको व्यवस्था गरिनेछ,

(ङ) विद्यालयमा बालबालिकाविरूद्ध हुने सबै प्रकारका हानिको न्यूनीकरण तथा भय रहित शिक्षण सिकाइका लागि बाल क्लबको रचनात्मक कार्यमा प्रोत्साहन गरिनेछ,

(च) बालबालिकाविरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गरी क्रियाशील बनाइनेछ र प्रेषण प्रणालीलाई प्रभावकारी बनाइनेछ,

(छ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृतिप्रति द्वोष तथा घृणा जगाउने कार्य निषेध गरिनेछ,

(ज) विद्यालयमा सम्बद्ध सरोकारवालाको आचारसंहिता बनाइ लागू गरिनेछ,

(झ) गाउँपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ,

(ञ) गाउँपालिका तथा वडा कार्यालयहरूको विषयगत शाखाहरूको योजनामा बाल संरक्षण तथा प्रेषण प्रणाली अनिवार्य रूपमा समावेश गरिनेछ,

(ट) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा केन्द्रको नं. १०४ को प्रचार प्रसार गरिने छ,

(ठ) गाउँपालिका तथा वडा कार्यालयहरूले बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि शिक्षा र स्वास्थ्यका बजेटको अतिरिक्त अनिवार्य रूपमा पुँजीगत बजेटको ५ प्रतिशत विनियोजन गर्ने व्यवस्था मिलाईनेछ,

(ड) प्रत्येक वडामा न्यूनतम एक बाल उद्यानको निर्माण तथा सञ्चालन गरिनेछ,

(ढ) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना तथा सञ्चालन गरिनेछ,

(ण) गाउँपालिकास्तरमा बाल सृजना केन्द्रको स्थापना गरिनेछ,

(त) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानून बमोजिम ३५ दिन भित्र गरि दिने व्यवस्था लागू गरिनेछ,

(थ) प्रत्येक परिवारले ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा ५ देखि १७ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने व्यवस्था मिलाईनेछ,

(द) बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ,

(ध) बाल विवाहलाई पूर्ण रूपमा अन्त्य गर्नका लागि बहुपक्षीय समन्वय तथा सहकार्य गरिनेछ,

(न) सबै प्रकारको बालश्रमलाई निषेध गरिनेछ,

(प) समुदायमा कसैले पनि बालबालिका विरूद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त्यस्ता घटना हुन लागेको थाहा भएमा नजिकको प्रहरी कार्यालय, वडा स्तरीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति वा न्यायिक समितिमा अनुसूची-७ बमोजिम उजुरी गर्ने परिपाटीको व्यवस्था मिलाईनेछ। उजुरीमाथि न्यायिक समितिले आवश्यक कारवाही गर्नेछ ।

५. **<u>बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः</u>** गाउँपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेछ।

६. **<u>बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः</u>** (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा नीजि संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरूको संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चत गर्न नगरपालिकाले मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको लेखाजोखा गर्नेछ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकायहरू बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिने, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्न सक्नेछ।

(४) बालमैत्री र बाल सुरक्षित नभएका निकायहरूलाई बालमैत्री नभएसम्मका लागि नगरपालिकाले सेवा प्रदान गर्नबाट रोक लगाउन सक्नेछ।

७. **<u>बालगृहको स्थापना तथा सञ्चालनः</u>** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा फेला परेका र गाउँपालिकामा जन्म भई अन्यत्र स्थानबाट उद्धार गर्नुपर्ने गरी जानकारी प्राप्त भएका वा फेला परेका बालबालिकाको विशेष संरक्षणको

आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) बालगृहको स्थापना गर्नुपूर्व गाउँपालिकाले ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको स्थापना तथा प्रवर्द्धन लाई प्राथमिकता दिनेछ।

## परिच्छेद - ४
## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

८. **बाल सहभागिताको अभ्यासः** (१) गाउँपालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल सहभागिता प्रवर्द्धनका लागि गाउँपालिकाले देहायका उपायहरू अवलम्बन गर्नेछः

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकाको सहभागिता प्रवर्द्धन गरिनेछ,

(ख) बालबालिकाको सुरक्षा, शिक्षाको निरन्तरता सुनिश्चित गरी उनीहरूको स्वतन्त्र सहमतिमा रचनात्मक कार्यहरूमा सहभागी गराइनेछ,

(ग) बालबालिकासंग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना बालमैत्री ढंगबाट निशुल्क प्रदान गरिनेछ,

(घ) बालबालिकालाई शिक्षा प्राप्ति, क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटन, बालबालिका स्वयमको पहलमा बालबालिकाको हितका विषयमा सूचना सामग्री, भित्ते पत्रिका प्रकाशन र वितरण गर्न प्रोत्साहन र सहयोग गरिनेछ,

(ङ) बाल क्लब, बाल संस्था तथा बाल क्लब सञ्जाल दर्ताको लागि रीतपूर्वक परेका निवेदनका आधारमा बाल क्लव, बाल संस्था तथा बाल क्लब सञ्जाल दर्ता गरी दर्ताको प्रमाणपत्र निशुल्क उपलब्ध गराउनेछ,

(च) बाल क्लब तथा बाल क्लब सञ्जालको नवीकरणका लागि रीतपूर्वक परेका निवेदनका आधारमा बाल क्लब तथा सञ्जालको नवीकरण गर्नेछ,

(छ) आवधिक रूपमा अद्यावधिक गरिएको बाल क्लब सम्बन्धी तथ्यांक तथा सूचना जानकारी स्थानीय बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषदमा पठाइनेछ।

(३) गाउँपालिकाले बाल सहभागिता प्रवर्द्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायले देहायका कार्यहरू गर्नमा रोक लगाउने छः

(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराइने छैन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने कार्यमा रोक लगाइनेछ,

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले र्याली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई अन्त्य गरिनेछ,

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने कार्यलाई निरुत्साहित गरिनेछ,

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ।

९. **बालक्लव वा संस्था दर्ता तथा नवीकरणः** (१) बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बाल क्लब वा संस्था दर्ता गर्न चाहेमा गाउँपालिकामा देहायका विवरण सहित अनुसूची-२ बमोजिम निवेदन दिनु पर्दछः

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा गाउँपालिकाले बालक्लब वा संस्था दर्ता गरी १५ दिन भित्र दर्ता अनुसूची-१ बमोजिमको प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष गाउँपालिकामा देहायको विवरण खुलाई नवीकरणको लागि निवेदन दिन सक्नेछन्ः

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा गाउँपालिकाले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ।

(५) बालक्लब वा संस्था दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन।

(६) प्रत्येक बाल क्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म गाउँपालिका तथा गाउँ बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(७) गाउँ बाल अधिकार समितिले बालक्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको बैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(८) बाल क्लब वा संस्थाले तीन वर्षसम्म गाउँपालिकामा नवीकरण नगरेमा उक्त बाल क्लब वा संस्था स्वतः खारेज हुनेछ।

१०. **बाल क्लब सञ्जाल दर्ता तथा नवीकरणः** (१) गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरूले गाउँस्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित गाउँपालिकामा निवेदन दिनु पर्दछः

(क) बालक्लब वा संस्थाहरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरूले सञ्जालको रूपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बाल सञ्जालको दर्ताको लागि आम भेलाबाट पदाधिकारीहरुमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्यहरु लगायत ७ देखि २५ जनासम्म रहेको समिति गठन गरेको माइन्यूटको प्रतिलिपि,

(घ) बालक्लब वा संस्थाहरूको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलापहरू,

(ङ) बालक्लब वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(च) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण।

(२) गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरूले उपदफा (१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा गाउँपालिकाले सञ्जालको दर्ता गरी १५ दिनभित्र प्रमाणपत्र दिनेछ।

(३) गाउँपालिकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको संक्षिप्त विवरण, सदस्यहरूको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा गाउँपालिकामा नवीकरणको लागि निवेदन दिनुपर्दछ।

(४) उपदफा (३) बमोजिमको निवेदन आएमा गाउँपालिकाले बाल सञ्जालको नवीकरण गरिदिनेछ।

(५) गाउँपालिकाले बाल सञ्जाललाई व्यवस्थित गर्न नगर बाल अधिकार समितिको सिफारिसमा वडा वा गाउँपालिका स्तरमा बाल सञ्जाल निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ।

(६) बाल सञ्जाल दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन।

(७) बाल सञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ।

**११. बालक्लबको वर्गीकरणः** (१) गाउँपालिकामा दर्ता हुने बाल क्लबको वर्गीकरण सामान्यतया देहाय बमोजिमको हुनेछः

**(क) समुदायमा आधारित बालक्लबः**

(१) गाउँपालिकाको निश्चित भूगोल भित्रको टोल, वस्ती, वडाभित्र विद्यालय जाने र नजाने दुबै किसिमका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर समुदायमा आधारित बाल क्लब गठन गर्न सकिनेछ।

(२) बालक्लबले गाउँपालिकामा समुदायमा आधारित बाल क्लबको नाममा बालक्लब दर्ता गर्न सक्नेछन्।

(३) बालक्लबले सम्बन्धित भूगोल भित्रको सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत कमजोर भएका तथा अपाङगता भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ।

(४) समुदायमा आधारित बालक्लबमा सदस्य बन्नका लागि उक्त क्षेत्रभित्र सामान्यतः ६ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको हुनु पर्नेछ।

(५) समुदायमा आधारित वालक्लव गठन गर्दा १५ मिनेट समयमा पुग्ने गरी स्थान तोकी गठन गर्नु पर्नेछ।

**(ख) विद्यालयमा आधारित बालक्लबः**

(१) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालयभित्र बाल अधिकारको संरक्षण तथा प्रवर्धन गर्न विद्यालयमा आधारित बाल क्लब गठन गर्न सकिनेछ।

(२) बालक्लबले गाउँपालिकामा विद्यालयमा आधारित बाल क्लबको नाममा दर्ता हुन सक्नेछन्।

(३) बालक्लबले सम्बन्धित विद्यालयमा अध्ययनरत सबै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङगता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ।

(४) विद्यालयमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि एकजना संरक्षक शिक्षक विद्यालय प्रशासनले तोक्न सक्नेछ।

**(ग) विषयगत बाल क्लबः**

(१) समुदायमा लुकेर रहेको वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेको विशिष्ट विषयहरू जस्तै बालिकाकोमात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा

सरसफाई, जलवायु परिवतर्न, बालश्रम, एचआइभी/एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल क्लब गठन गर्न सकिनेछ।

(२) विषयगत बाल क्लब विद्यालय तथा समुदायमा आधारित बाल क्लबको उपसमूहको रूपमा समेत गठन गर्न सकिनेछ।

**(घ) विशिष्टीकृत बाल क्लबः**

(१) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, गाउँपालिकाको विशिष्टीकृत निकायले विशेष प्रकृतिको आफ्नो संस्थागत बाल क्लब गठन गर्न सक्नेछन्।

(२) बालक्लबको गठन र व्यवस्थापन विधि स्वयं यसको महासघं, सरंक्षकनिकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन्।

**(ङ) बालगृह वा बाल सुधार गृहमा आधारित बाल क्लबः**

(१) बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सम्बर्द्धनका लागि बालगृह वा बाल सुधार गृहमा आधारित बाल क्लब गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको बाल क्लबले सम्बन्धित बालगृह वा सुधार गृहमा रहेका सबै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङगता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ।

(३) बालगृह वा सुधार गृहमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि गृह प्रमुखले एकजना संरक्षक शिक्षक वासहजकर्ता तोक्न सक्नेछ।

(४) बाल क्लबका वार्षिक गतिविधिहरूको सामान्य जानकारी सम्बन्धित बाल गृह वा बाल सुधार गृहले नगर बाल अधिकार समिति र नगरपालिकामा उपलब्ध गराउनु पर्दछ।

१२. **बाल क्लबको काम, कर्तव्य र अधिकार** (१) बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिबृद्धि गर्दै बालबालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने,

(घ) बालबालिकालाइ जीवनपयोगी सीपको बारेमा जानकारी गराउने,

(ङ) बाल क्लबलाइ बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बाल क्लबलाइ परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न गाउँपालिकामा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउनर सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरूको बिरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामूलक कार्यमा सकृय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा गाउँपालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

(२) उपदफा (१) मा जुन सुकै लेखेको भए तापनि बाल क्लब, बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरू गर्न गराउन निषेध गरिएको छः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन तर

प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भनेसमुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ,

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) सिंगो परियोजना सञ्चालन गर्न वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरू गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न गराउन,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बाल क्लबलाइ परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाइ र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न गाउँपालिकामा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरूको विरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामूलक कार्यमा सकृय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा नगरपालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

(२) उपदफा (१) मा जुन सुकै लेखेको भए तापनि बाल क्लब, बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरू गर्न गराउन निषेध गरिएको छः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन तर प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ,

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) सिंगो परियोजना सञ्चालन गर्न वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरू गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न गराउन,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई नगरबाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा गाउँपालिका वा विद्यालयले रोक लगाएका कार्यहरु गर्न गराउन।

**१३. <u>बाल सञ्जालको काम, कर्तव्य र अधिकार :</u>** (१) बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ख) आबद्ध बालक्लबहरूको गतिबिधि सञ्चालन गर्न सञ्जाललाई वडा, गाउँपालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने। तर यस्ता किसिमका गतिविधिहरू सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरूको पढाइलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने,

(घ) बालअधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरू बालक्लबहरूमार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने,

(ङ) गाउँपालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरबी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने,

(छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने,

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसस्था तथा सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने, सो को अभिलेख राख्ने तथा गाउँपालिका र गाउँ बाल अधिकार समितिमा पेश गर्ने,

(ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सजृना गर्ने।

१४. <u>**बालबालिकाको संस्था वा सञ्जालको कर्तव्य तथा दायित्वः**</u> (१) बालक्लब, बाल संस्था वा बाल सञ्जालका सबै उमेर, लिंग, जातजाति, अपांगता लगायत स्थानीय समाजको विविधतालाई प्रतिविम्ब गर्ने

गरी समावेशी हुनुपर्नेछ। तर यस व्यवस्थाले बालिकाहरु मात्र सदस्य रहन सक्ने गरी विशिष्टीकृत बालक्लब वा संस्था सञ्चालन गर्न रोक लगाएको मानिनेछैन।

(२) बालक्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ।

(३) बालक्लब, संस्था वा सञ्जालको नेतृत्व वा संचालन हुने क्रियाकलापहरुमा बढि भन्दा बढि बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ।

(४) बालक्लब, संस्था वा सन्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढि पदमा निरन्तर नबसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ।

(५) बालक्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुँदैन।

(६) बालक्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

(७) बालक्लब, संस्था वा सज्जालले दलिय राजनैतिक कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुदैन। तर, राजनैतिक विचारधारा र दृष्टिकोणका विषयमा वहस र छलफल सञ्चालन गर्न यस नियमले बाधा पुर्याएको मानिनेछैन।

१५. **<u>बाल क्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेलाः</u>** (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लबवा संस्था र बाल सञ्जालको वडा गाउँपालिकास्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ। तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनुपर्नेछ।

१६. **<u>बालक्लबवा संस्था र बाल सञ्जालको आर्थिक दायित्वः</u>** (१) बालक्लबवा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लबवा संस्था र बाल सञ्जाललाई आर्थिक दायित्व दिन हुँदैन।

(२) बालक्लबवा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गर्नुपर्नेछ।

(३) बालक्लवा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई जिम्मेवारी दिन सक्नेछन्।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ।

## परिच्छेद - ५

## गाउँ बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१७. गाउँ बाल अधिकार समितिको गठनः** (१) गाउँपालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरी एक गाउँ बाल अधिकार समिति गठन गरिनेछः-

(क) उपाध्यक्ष - अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक जना महिला वडा सदस्य सहित दुई जना वडा सदस्य -सदस्य

(ग) कार्यपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये एक जना -सदस्य

(घ) अध्यक्षबाट मनोनित समाज सेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञमध्येबाट एक जना -सदस्य

(ङ) स्वास्थ्य संयोजक -सदस्य

(च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य

(छ) बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना वालवालिका -सदस्य

(ज) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(झ) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयनगरेका कम्तीमा १ जना महिला सहित दुईजना -सदस्य

(छ) बालकल्याण अधिकारी/महिला, बालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (घ) (झ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (छ) बमोजिम बालकल्याण अधिकारी सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

**१८. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँपालिकालाई सुझाव दिने,

(ग) गाउँपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) गाउँपालिकाभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकालगायत उद्धारको आवश्यकता परेका बालबालिकाको उद्धार, पुनः स्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) आफ्नो गाउँपालिकाभित्रका वडा, विद्यालय लगायतका सार्वजनिक संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको सिंगो नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) गाउँपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने,

(झ) गाउँपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र संघीय मन्त्रालयमा पठाउने, बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) गाउँपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) स्थानीयस्तरमा बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न गाउँपालिका र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(थ) गाउँपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूुञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) गाउँपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालीम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरू पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(१) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **गाउँ बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः** गाउँ बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछतर दुइ बैठक बीचको अन्तर ३ महिना भन्दा बढी हुनु हुँदैन।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्यसचिवले बोलाउनेछ।

(३) सदस्यसचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी

निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ।

२१. **वडा स्तरीय बाल अधिकार समितिः** (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहनेछन्:-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित दुई जना वडा सदस्य -सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापकमध्ये एक जना -सदस्य

(घ) फोकल शिक्षकमध्ये १ जना -सदस्य

(ङ)बालमनोविज्ञ वा चिकित्सक वा स्वास्थ्यकर्मी एक जना -सदस्य

(च) वडा स्तरीय बाल सञ्जालले तोकेको एक जना बालिका सहित दुई जना -सदस्य

(छ) नेपाल प्रहरी (उपलब्ध भएमा) -सदस्य

(ज) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(झ) वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (ङ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(घ) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको।

(३) उपदफा (२)माजुनसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरू तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन।

२२. **वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडास्तरमा बालश्रम, बाल विवाह, मानव बेचविखन, ओसारपसार, बालबालिका विरूद्द हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यिन गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा नगरपालिकाबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने,

(ञ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि बहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने,

(ट) वडामा रहेका बालक्लब सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने।

२३. **वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः** वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। (२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्यसचिवले बोलाउनेछ।

(३) सदस्यसचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्यसचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ६
## बाल कल्याण अधिकारी

२४. **बाल कल्याण अधिकारीको नियुक्ती:** (१) गाउँपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी गाउँलिकाको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म गाउँपालिकाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख वा अधिकृतस्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त बालकल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ।

२५. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँ बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न गाउँपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने।

(ग) गाउँपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक र विश्लेषणगरी प्रतिवेदन तयार गर्ने।

(घ) गाउँपालिकाका जोखिममा परेका विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल

उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी गाउँ बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण गाउँपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषदमा उपलब्ध गराउने।

(छ) बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामापीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने।

(ज) ऐनको दफा ४९ बमोजिम गाउँपालिकाभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीयगृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने।

(झ) गाउँपालिकामा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षणर घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने।

(ढ) गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने।

## परिच्छेद -७

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

२६. **समाजसेवी तथा बाल मनोविज्ञको सूचीकृत तथा छनौटः** (१) गाउँपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले गाउँ बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित गाउँ बालअधिकार समितिमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा गाउँ बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा नगर बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ।

(५) समाजसेवीको छनौट प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक गाउँपालिकाले व्यवस्था गर्नेछ।

२७. **सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरणः** (१) गाउँपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्द्धन लागि ईच्छुक सामाजिक संस्थाहरू गाउँपालिकामा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) बमोजिमसूचीकृत गर्नका निमित्त गाउँ बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) गाउँपालिकामा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित गाउँ बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गाउँ बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा गाउँ बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद ८

## बाल कोष सञ्चालन तथा व्यवस्थापन

२८. **बालकोषः** (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ गाउँपालिकास्तरमा एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) न्यायिक समितिबाट बालबालिकाविरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य तोकिएका आम्दानी

२९. **कोष सञ्चालक समितिः** (१) गाउँपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः-

(क) अध्यक्ष, गाउँ बाल अधिकार समिति -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) गाउँ बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको एकजना सदस्य - सदस्य

(ङ) बाल कल्याण अधिकारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

३०. **बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ।

(क) तत्कालीन समयमा गाउँपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

३१. <u>**बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः**</u> समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्यसचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय समितिको सदस्यसचिवले प्रमाणित गरी राख्नेछ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुर्नस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन्। तर सो खर्च रकम तत् पश्चात बस्ने समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ।

३२. **कोषको प्रयोग प्रयोजनः** (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति, आर्थिक तथा जिन्सी सहायता जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

३३. **बालकोषको खर्चको सीमाः** (१) बालकोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रू. १० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि।

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजार सम्म।

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. ५ हजार सम्म।

(२) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(३) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

(४) बाल कोषबाट खर्च भएको रकमको सोध भर्ना प्रत्येक वर्षको अन्त्यमा गाउँपालिकाको सञ्चित कोषबाट गरिनेछ।

३४. **कोषको खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि कैलाश गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

३५. **कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको अन्तिम लेखा लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद- ९
## विविध

३६. **स्रोतको व्यवस्थापनः** कैलाश गाउँपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्बर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ।

३७. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई कैलाश गाउपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

३८. **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्धविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

३९. **संसोधन गर्न सकिनेः** यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

४०. **खारेजी र बचाउः** यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमती प्रदेश सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ।

४१. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्द्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन।

अनुसूची-१

(परिच्छेद ४ दफा ९ र १० को उपदफा २ सँग सम्बन्धित)

**स्थानीय सरकार**

कैलाश गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

**सूचीकृत/आवद्धता प्रमाणपत्र**

आवद्धता नं.-

मितिः-............../......../.........

श्री.........................................................संस्था/बाल क्लव/सञ्जाल

...................................................................... ।

मकवानपुर जिल्ला कैलाश गाउँपालिका वडा नं......को ..विद्यालय / समुदाय / बालगृह /बाल सुधार गृहमा नगठन भएको..................................संस्था/बाल क्लव/सञ्जाललाई यस कैलाश गाउँपालिकामा आवद्धता गरी कैलाश गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८१ को परिच्छेद ४ दफा ९ र १० को उपदफा २ ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्वद्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ।

**प्रमाणित गर्ने अधिकारीको**

दस्तखतः

नाम, थरः

पदः

अनुसूची- २

(परिच्छेद ४ दफा ९ र १० को उपदफा (१) सँग सम्बन्धित)

**संस्था / बाल क्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा**

श्री प्रमुखज्यू,

मितिः............/....../........

कैलाश गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर।

विषयः- संस्था/बाल क्लब/सञ्जाल सूचीकृत / आबद्धता गरी पाउँ भन्ने बारे ।

हामीले....................... नामको संस्था/बाल क्लव/सञ्जाल खोल्न चाहेकोले कैलाश गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत "बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१" को परिच्छेद ४ दफा ९ र १० को उपदफा (१) ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित संस्था/बाल क्लब/सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बाल क्लब/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय अध्यक्ष

**बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) अनुसूची २ अनुसारको निवेदन,

(२) संस्था/बाल क्लब सञ्जालको विधान २ प्रति (संस्था/बाल क्लब सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण, संस्था/बाल क्लब/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण सहित)

(३) बालक्लवको निर्णय,

(४) विद्यालयको हकमा विद्यालयको सिफारिस,

(५) वडाको सिफारिस,

(६) बालक्लवको कार्यसमितिको बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि।

अनुसूची - ३

(परिच्छेद ४ दफा ९ र १० को उपदफा (३) सँग सम्बन्धित)

**संस्था/बाल क्लव/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा**

मितिः.........../......./........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कैलाश गाउँपालिका
कालिकाटार, मकवानपुर।

विषयः- संस्था / बाल क्लब / सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे।

महोदय,

मकवानपुर जिल्ला कैलाश गाउँपालिका वडा नं........... स्थित ..........................................................................................विद्यालय/समुदाय/बालगृह/बाल गृहमा आधारित हाम्रो ....................................................... नामको संस्था/बालक्लव/सञ्जाल कैलाश गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत "बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८१" को परिच्छेद-४ दफा ९ र १० को उपदफा २ बमोजिम हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं..........रहेको छ। यस सिलसिलामा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८१ को परिच्छेद ४ दफा ९ र १० को उपदफा (३) ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

हाम्रो संस्था/बाल क्लब सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, संस्था/बाल क्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संलग्न गरिएको छ।

**संस्थाको अध्यक्षको**

दस्तखतः

नाम, थरः

सम्पर्क नं.

**संस्था/बाल क्लव/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) अनुसूची- ३ अनुसारको निवेदन,

(२) संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरु,

(३) संस्था/बाल क्लब / सञ्जालको निर्णय,

(४) विद्यालयको हकमा विद्यालयको सिफारिस,

(५) वडाको सिफारिस,

(६) संस्था/बाल क्लब सञ्जाल दर्ताको प्रतिलिपि।

अनुसूची-४

(परिच्छेद ४ दफा ९ र १० को उपदफा (४) सँग सम्बन्धित)

**स्थानीय सरकार**

कैलाश गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

कालिकाटार, मकवानपुर।

बागमती प्रदेश नेपाल

**सूचीकृत/आवद्धता नवीकरणको प्रमाणपत्र**

मितिः........../........./..........

आवद्धता नं

श्री....संस्था/बाल क्लव/सञ्जाल

कालिकाटार, मकवानपुर।

मकवानपुर जिल्ला केलाश गाउँपालिका वडा नं. को..................................................................................... विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन भै मिति.......................................मा यस गाउँपालिकामा दर्ता/सूचीकृत/आवद्धता भएको................आवद्धता न को संस्था /बाल क्लव/सञ्जाललाईबाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०८१ को परिच्छेद ४ दफा ९ र १० को उपदफा४ ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्वद्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

**<u>प्रमाणित गर्ने अधिकारीको</u>**

दस्तखतः

नामः

पदः

अनुसूची- ५

**स्थानीय सरकार**

**कैलाश गाउँ कार्यपालिकाको कार्यालय**

कालिकाटार, मकवानपुर।

बागमाती प्रदेश, नेपाल

**संस्था/बाल क्लव/सञ्जाल सूचीकरणको दर्ता किताव**

| क्र.सं | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/ बाल क्लव/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षक नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम र हस्ताक्षर | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची- ६

**स्थानीय सरकार**

**कैलाश गाउँ कार्यपालिकाको कार्यालय**

कालिकाटार, मकवानपुर।

बागमती प्रदेश नेपाल

**संस्था/बाल क्लव/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताव**

| क्र.सं | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/ बाल क्लव/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षक नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिक | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची-७

**कैलाश गाउँ बाल अधिकार समिति**

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

**उजुरी निवेदन फारामको ढाँचा**

मितिः........../........./..........

१. विद्यार्थीको नाम, थर.........................................

२. कक्षा.......................................

३. विद्यालयको नाम .....................................

४. उमेर .........................................

५. लिङ्ग ...............................................

६. गुनासो तथा घटना ..............................................

७. घटना घटाउने व्यक्ति ....................................................

८. घटनाको प्रकृति ...............................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ............................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

प्रमाणीकरण मितिः २०८१/०२/३०

आज्ञाले

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत